बैठक नं ९७

आज मिति २०८१ चैत महिनाको २७ गते नेपाल सम्वत ११४५ चौलाथ्व द्वादशी बुधबारको दिन विहान ११ बजे पालुङटार नगरपालिकाका नगर प्रमुख श्री बिवस चिन्तनज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न निर्णय भई सम्पन्न भयो ।

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङटार ४ गोरखा | |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङटार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङटार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङटार २ गोरखा | |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङटार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङटार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङटार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङटार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङटार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङटार ८ गोरखा | |

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङटार ९ गोरखा | |
| १२ | रिखिराज धौराली | वडा अध्यक्ष | पालुङटार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङटार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङटार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङटार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङटार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङटार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङटार १० गोरखा | |
| २१ | कमानसिं थापामगर | सदस्य सचिव | | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र श्रेष्ठ | योजना शाखा | गोरखा | |
| २ | राम जनम चौधरी | योजना शाखा | | |

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

बैठक नं : ९७

मितिः २०८१/१२/२७

ने.स ११४५ चौलाथ्व द्वादशी बुधवार

**कार्यपालिका बैठकका प्रस्तावहरु**

१. समिक्षा।

२. फागुन महिनामा भुक्तानी भएको योजनाको फरफारक गर्ने सम्वन्धमा।

३. फागुन महिनामा अनुगमन भएको योजनाको प्रतिवेदन पेश गर्ने सम्वन्धमा।

४. विद्यालयको नगर स्तरीय परिक्षाको समिक्षा सम्वन्धमा।

५. सार्वजनिक सुनुवाई तथा सार्वजनिक सेवा प्रवाह सम्वन्धमा।

६. गण्डकी प्रदेश सरकारको समपुरक र विशेष योजना पेश गर्ने सम्वन्धमा।

७. राजश्व परामर्श समितिको पुनः गठन गर्ने सम्वन्धमा।

८. विविध।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
गण्डकी प्रदेश, नेपाल


**विषयः** फागुन महिनामा भुक्तानी भएका योजनाको फरफारक सम्वन्धमा।

**कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मितिः २०८१-१२-२२**

**५. बिषयको संक्षिप्त व्यहोराः**

पालुङ्टार नगरपालिकाले फागुन महिनामा कार्य सम्पन्न भई भुक्तानी मागका लागि आएको योजनाहरुको रित पुर्वक भुक्तानी भएको विवरण कार्यपालिकाबाट फरफारक पर्ने भएको।

**६. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुराः**

स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा ७६ उपदफा ३ र दफा ८४ उपदफा २ (ङ) साथै स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कनको सूचकहरुमा एक सूचकको रुपमा रहेको।

**७. प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारीसः**

यस नगरपालिकाबाट कार्य सम्पन्न भई भुक्तानी भएको योजनाहरुको विवरण सम्पुर्ण कार्यपालिकाको सदस्यलाई जानकारी दिने तथा पारदर्शिता जवाफदेहीता वृद्धि गर्न आवश्यक भएकोले यो पस्ताव पेश गरिएको छ।

**८. निर्णय हुनेपर्ने व्यहोराः**

- फागुन महिनामा भुक्तानी भएको अनुसूचीमा सङ्लग्न योजनाहरु फरफारक गर्ने।

# प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८१-१२-२७ गतेको नगर कार्यापलिकाको ९७ औ बैठकमा फागुन महिनामा भुक्तानी भएको योजनाको फरफारक गर्ने सम्वन्धमा प्रस्ताव पेश भएकोमा सो प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८१-१२-२७

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

**विषयः** फागुन महिनामा योजना तथा कार्यक्रमको अनुगमन प्रतिवेदन पेश सम्वन्धमा ।

**कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मितिः** २०८१-१२-२२

**१. बिषयको संक्षिप्त व्यहोराः**

पालुङटार नगरपालिका योजना तथा कार्यक्रम मध्ये फागुन महिनामा भएका अनुगमनको प्रतिवेदन पेश गर्नु पर्ने कानुनी व्यवस्था भएको ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुराः**

स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा १६ उपदफा ४ (ख) र स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कनको सूचकहरुमा एक सूचकको रुपमा रहेको ।

**३. प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारीसः**

स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहमा संचालित योजना तथा कार्याक्रमहरुको अन्तिम अनुगमन गरि सामाजिक / आर्थिक पक्षहरुको अवलोकन निरिक्षण अनुगमन गरि सोको जानकारी कार्यपालिकाकालाई दिनु पर्ने कानुनी व्यवस्था रहेकोले यो प्रस्ताव पेश गरिएको ।

**४. निर्णय हुनेपर्ने व्यहोराः**

- फागुन महिनामा अनुगमन समिति मार्फत अनुगमन भई भुक्तानीका लागि आर्थिक प्रशासन शाखामा पेश गरिएको अनुसूची १ बमोजिमका योजनाहरुको विवरण अनुमोदन गर्ने ।

२०८१।१२।२२

# प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८१-१२-२७ गतेको नगर कार्यापलिकाको ९७ औ बैठकमा फागुन महिनामा योजना तथा कार्यक्रमको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने सम्वन्धमा प्रस्ताव पेश भएकोमा सो प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८१-१२-२७

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**पालुङ्टार, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**


**विषय**: दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने र सेवा प्रवाहको सम्वन्धमा छलफलमा सम्वन्धमा।

**कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मितिः २०८१-१२-२२**

**१. बिषयको संक्षिप्त व्यहोराः**

नगरपालिकाको सेवा प्रवाहलाई पारदर्शी, उत्तरदाही र जवाफदेही बनाउन नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन प्रकृया, प्राप्त उपलब्धी र त्यसले पारेको आर्थिक सामाजिक प्रभावहरुको बारेमा जानकारी दिने तथा नगरबासी/सम्वन्धित व्यक्तिहरुको गुनासो सुन्ने साथै पारदर्शिता र जवाफदेहीतालाई प्रोत्साहित गर्दै सेवाको गुणस्तर वृद्धि गर्नका लागि कार्यक्रम संचालन गर्नु पर्ने व्यवस्था रहेको।

**२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुराः**

स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा ७८ उपदफा (५) र स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कनको सूचकहरुमा एक सूचकको रुपमा रहेको।

**३. प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारीसः**

स्थानीय सरकार संचालन ऐन २०७४ दफा ७८ उपदफा (५) ले नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी उत्तरुदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्तो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ भनी व्यवस्था रहेकोले प्रत्येक चौमासिकमा विभिन्न वडामा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्दै आएकोमा बाँकी वडाहरु १, ४ र १० यो प्रस्ताव पेश गरिएको।

**४. निर्णय हुनेपर्ने व्यहोराः**

आर्थिक बर्ष २०८१-८२ को दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम मिति नगरपालिकाले पछि तय गर्ने गरि पालुङटार नगरपालिका वडा नं १ को वडा कार्यालयमा गर्ने।

१२।२२

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८१-१२-२७ गतेको नगर कार्यापलिकाको ९७ औ बैठकमा दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने र सेवा प्रवाहको सम्वन्धमा छलफल गर्ने सम्बन्धमा प्रस्ताव पेश भएकोमा सो प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८१-१२-२७

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

**विषयः** आर्थिक बर्ष २०८२-८३ को लागि गण्डकी प्रदेश सरकारसँग विशेष अनुदानका योजनाहरु माग गर्ने सम्बन्धमा ।

**कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मितिः** २०८१-१२-२२

**१. बिषयको संक्षिप्त व्यहोराः**

गण्डकी प्रदेश सरकारद्धारा स्थानीय तहलाई विभिन्न शिर्षकमा अनुदान हस्तान्तरण गर्दै आएकोमा गण्डकी प्रदेश नीति तथा योजना आयोगको मिति २०८१-१२-१३ को पत्रानुसार आ.व २०८२-८३ का लागि विशेष र समपुरक अनुदान अन्तर्गत कार्यान्वयन हुने योजनाहरुको माग भई आएकोमा कार्यपालिकाको बैठकबाट प्रथामिकताको आधारमा ३ वटा आयोजनाहरुको विवरण पेश गर्नु पर्ने भएको ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुराः**

प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा ६ मा समपुरक अनुदान र दफा ७ मा विशेष अनुदान स्थानीय तहमा हस्तान्तरण गर्ने व्यवस्था रहेको । साथै बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत दोस्रो संशोधन कार्यविधि-२०८१ को दफा १० समेतको व्यवस्था अनुसार आयोजना माग भई आएको

**३. प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारीसः**

नेपालको विद्यमान संवैधानिक व्यवस्था अनुसार संघिय सरकार तथा प्रदेश सरकारले राजश्व बाँडफाँड तथा अनुदान हस्तान्तरण गर्ने व्यवस्था रहेको तथा यस कार्यालयमा प्रदेश सरकारबाट समपुरक तथा विशेष अनुदानका आयोजना संचालरत गर्दै आएकोले आगामी आर्थिक बर्षका लागि आयोजना माग गर्नु पर्ने भएकोले ।

**४. निर्णय हुनेपर्ने व्यहोराः**

आर्थिक बर्ष २०८२-८३ का लागि प्रदेश सरकारसँग तपसिल बमोजिका आयोजनाहरु प्राथमिकताको आधारमा विशेष योजना माग गर्ने ।

१. बालमैत्री स्थानीय शासन कार्यक्रम
२. आत्महत्या न्युनिकरण ( मनोपरामर्श, ध्यान योग केन्द्र विकास र कार्यक्रम संचालन)
३. दलित नमुना बस्ति विकास

२०८१/१२/२२

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८१-१२-२७ गतेको नगर कार्यापलिकाको ९७ औ बैठकमा आर्थिक बर्ष २०८२-८३ को लागि गण्डकी प्रदेश सरकारसँग विशेष अनुदानका योजनाहरु माग गर्ने सम्बन्धमा प्रस्ताव पेश भएकोमा सो प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

२०८२।१।५।४२६

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८१-१२-२७

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

**विषयः** आर्थिक बर्ष २०८२-८३ को लागि गण्डकी प्रदेश सरकारसँग समपुरक अनुदानका योजनाहरु माग गर्ने सम्बन्धमा।

**कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मितिः  २०८१-१२-२२**

**१. बिषयको संक्षिप्त व्यहोराः**

गण्डकी प्रदेश सरकारद्धारा स्थानीय तहलाई विभिन्न शिर्षकमा अनुदान हस्तान्तरण गर्दै आएकोमा गण्डकी प्रदेश नीति तथा योजना आयोगको मिति २०८१-१२-१३ को पत्रानुसार आ.व २०८२-८३ का लागि विशेष र समपुरक अनुदान अन्तर्गत कार्यान्वयन हुने योजनाहरुको माग भई आएकोमा कार्यपालिकाको बैठकबाट प्रथामिकताको आधारमा ३ वटा आयोजनाहरुको विवरण पेश गर्नु पर्ने भएको।

**२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुराः**

प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा  ६ मा समपुरक अनुदान र दफा ७ मा विशेष अनुदान स्थानीय तहमा हस्तान्तरण गर्ने व्यवस्था रहेको। साथै बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत दोस्रो संशोधन कार्यविधि-२०८१ को दफा १० समेतको व्यवस्था अनुसार आयोजना माग भई आएको।

**३. प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारीसः**

नेपालको विद्यमान संवैधानिक व्यवस्था अनुसार संघिय सरकार तथा प्रदेश सरकारले राजश्व बाँडफाँड तथा अनुदान हस्तान्तरण गर्ने व्यवस्था रहेको तथा यस कार्यालयमा प्रदेश सरकारबाट समपुरक तथा विशेष अनुदानका आयोजना संचालरत गर्दै आएकोले आगामी आर्थिक बर्षका लागि आयोजना माग गर्नु पर्ने भएकोले।

**४. निर्णय हुनेपर्ने व्यहोराः**

आर्थिक बर्ष २०८२-८३ का लागि प्रदेश सरकारसँग तपसिल बमोजिका आयोजनाहरु प्राथमिकताको आधारमा समपुरक योजना माग गर्ने।

१. चेपेघाट लिगलिगकोट तातोपानी कोटगढी लकाङकाली साईकल लेन सहितको पदमार्ग
२. सिद्धबाबा पर्यटकिय भौतिक पुर्वाधार निर्माण
३. तालपोखरी पर्यटकिय पुर्वाधार निर्माण

२०८१।१२।२२

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८१-१२-२७ गतेको नगर कार्यापलिकाको ९७ औ बैठकमा आर्थिक बर्ष २०८२-८३ को लागि गण्डकी प्रदेश सरकारसँग समपुरक अनुदानका योजनाहरु माग गर्ने सम्बन्धमा प्रस्ताव पेश भएकोमा सो प्रस्तावमा लेखिए बमोजिम गर्ने।

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८१-१२-२७

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

**विषय:** नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनको लागि अवधारणा पत्र पेश गर्ने सम्वन्धमा।

**कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मिति:** २०८१-१२-२३

१. **बिषयको संक्षिप्त व्यहोरा:**

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय पोखराबाट मिति २०८१-१२-२२ मा प्रकाशित सूचनाले चालु आ.व २०८१-८२ को नवप्रर्तन साझेदारी कोष कार्यान्वयनका लागि नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा ५ बमोजिम सूचना प्रकाशन गरेको छ। उक्त कोष कार्यान्वयनका लागि एकिकृत कृषि पशुपन्छी तथा मत्स्य विकास आयोजना शिर्षक छनोट गरि अवधारणा पत्र निर्माण गरि पेश गर्नु पर्ने छ।

२. **प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुरा:**

नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ ले स्थानीय आर्थिक विकास, सेवा प्रवाह, सुशासनलाई टेवा पुर्याउन प्रदेश सरकार र स्थानीय सरकारको संयुक्त लगानीमा नवप्रवर्तन आयोजना संचालन गर्न सकिने व्यवस्था रहेको र सोही निर्देशिकाको दफा १६ बुदा ख बमोजिमको व्यवस्था अनुसार अनुसूची ५ मा रहेको विषयबस्तु भित्रका योजनाहरु पेश गर्नु पर्ने।

३. **प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारीस:**

पालुङ्टार नगरपालिकाको समग्र आर्थिक विकास स्वरोजगारको सृजना मार्फत बेरोजगारी समस्याको समाधान गर्न स्थानीय रैथाने बालीको प्रवर्धन बजारीकरण तथा वातावरण मैत्री खेती प्रणालीको विकास मार्फत खेती योग्य जमिनमा हुने क्षति कम गर्नका लागि एकिकृत कृषि पशुपन्छी तथा मत्स्य विकास आयोजनाका लागि अवधारणा पत्र पेश गर्न पर्ने भएकोले।

४. **निर्णय हुनेपर्ने व्यहोरा:**

क. नवप्रवर्तन साझेदारी कोष अन्तर्गत सङ्लग्न बमोजिमका **एकिकृत कृषि पशुपन्छी तथा मत्स्य विकास आयोजना** को अवधारणा पत्र स्वीकृत गरी गण्डकी प्रदेश सरकार मुख्य मन्त्री तथा मन्त्री परिषद्को कार्यालय पोखरालाई पेश गर्ने।

ख. नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा २२ बमोजिम यस नगरपालिका बुदाँ ख बमोजिमको मापदण्डमा पर्ने हुदाँ उक्त आयोजना कार्यान्वयनका लागि ३० प्रतिशतले हुन आउने रकम रु ६० लाख रकम आगामी आ.व २०८२-८३ को बजेटमा स्रोत सुनिश्चित गर्ने।

ग. नवप्रवर्धन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा १६ उपदफा ज को व्यवस्था बमोजिम तपसिल बमोजिमको कार्यान्वयन समिति गठन गर्ने।

| | |
|---|---|
| नगर प्रमुख विवश चिन्तन- | संयोजक |
| नगर उपप्रमुख बन्दना पाण्डे- | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत- कमानसिं थापामगर | सदस्य |
| आर्थिक विकास समितिको संयोजक रिखिराज धौराली- | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख सुवन शर्मा- | सदस्य |
| पशु सेवा शाखा प्रमुख लेखनाथ न्यौपाने - | सदस्य |
| भौतिक पुर्वाधार शाखा प्रमुख नविन पोखरेल - | सदस्य |
| योजना तथा अनुगमन शाखा प्रमुख धनेन्द्र श्रेष्ठ- | सदस्य |
| कृषि विकास शाखा प्रमुख राजु गौतम- | सदस्य सचिव |

घ. नवप्रवर्धन साझेदारी कोष कार्यान्वयनमा आवश्यक संमन्वयका लागि सम्पर्क व्यक्तिको रुपमा कृषि विकास शाखा प्रमुख अधिकृत स्तर सातौं श्री राजु गौतमलाई तोक्ने।

२०८१।१२।२६

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८१-१२-२७ गतेको नगर कार्यापलिकाको ९७ औं बैठकमा नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनको लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धमा प्रस्ताव पेश भएकोमा सो प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८१-१२-२७